

# ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन

'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'



# ऐरावती गाउँपालिकाको संक्षिप्त प्रस्तुती

प्रस्तुतकर्ता: श्रीधर भट्टराई

प्रशासन शाखा प्रुमख

ऐरावती गाउँपालिका बरौला प्यूठान ।

'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'



# प्रस्तुतीको रुपरेखा

- ऐरावती गाउँपालिकाको संक्षिप्त परिचय
- आ.ब. २०८१/०८२ को आय व्ययको संक्षिप्त विवरण
- आ.व. २०८१/०८२ को शिर्षकगत आन्तरिक आम्दानी विवरण
- विषय क्षेत्रगत विनियोजन खर्च विवरण
- स्वीकृत योजना तथा कार्यक्रमको विवरण
- बहुवर्षिय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण
- मुख्य मुख्य कार्यक्रम र उपलब्धीहरु
- प्रस्तावित मुख्य मुख्य कार्यक्रमहरु
- समस्या तथा चुनौती
- निष्कर्ष



# ऐरावती गाउँपालिकाको परिचय

- २०७३ फाल्गुण २७ गते नेपाल राजपत्रमा सुचना प्रकाशन गरि घोषणा गरिएको
- २०७३ चैत्र २ गते ऐरावती गाउँपालिका वार्ड नं २ ददेरीपाटामा कार्यालयको स्थापना
- साविकका ६ गाउँ विकास समिति (दाङबाङ बरौंला पकला धुवाङ रस्पुरकोट तथा बजुली)हरु समावेश गरि बनाईएको (धुवाङ ७ र ८ सरुमारानीमा र रस्पुरकोट ६ ७ ८ र ९ मल्लरानी गाउँपालिकामा गाभिएको)



# ऐरावती गाउँपालिकाको परिचय


- सिमाना:

पुर्व-अर्घाखाँची पश्चिम- सरुमारानी र माण्डवी


उत्तर- मल्लरानी र माण्डवी दक्षिण- सरुमारानी र अर्घाखाँची

- कुल क्षेत्रफल – १५६.७५वर्ग किलोमिटर
- कुल जनसंख्या- २०४२८ (२०७८ को जनगणना अनुसार)
- जम्मा घरधुरी -४५६०

# स्थानीय तहको संमग्र अवस्थाको विवरण




| सि.न. | विवरण | अवस्था |
|---|---|---|
| १ | जनशक्ति ब्यवस्थापन | क) जम्मा स्वीकृत दरबन्दी: ४१ वडा सहित पदपूर्ति: २७ रिक्त:१४<br>ख) हाल कार्यरत जम्मा जनशक्ति: ३५ स्थायी: २७ करार:८<br>ग) स्थानीय तह आफैले O&M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत भए/नभएको: स्वीकृत नभएको । |
| २ | प्रशासकीय भवन र पहुँच | क) प्रमुख प्रशासकीय भवन: बनेको ।<br>ख) आफ्नै वडा कार्यालय: भएको वडाको संख्या: ६ नभएको वडाको संख्या:०<br>ग) वडा केन्द्र सम्म सडक पुगेको वडाको संख्या: ६ नपुगेको वडाको संख्या:0 |
| ३ | कानुन निर्माणको अवस्था | क) ऐनको संख्या: ३० ख) नियमावलीको संख्या: ८<br>ग) कार्यविधि/मापदण्ड संख्या: ६४ |



# स्थानीय तहको संमग्र अवस्थाको विवरण

| सि.न. | विवरण | अवस्था |
|---|---|---|
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क) आवधिक योजना बनेको: प्रथम (२०७८/०७९-२०८३/०८४)<br>ख) बार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यकालिन खर्च संरचना: नबनेको<br>ग) स्थानीय तहको वस्तुस्थीति विवरण: बनेको (२०८०/०८१)<br>घ) भु-उपयोग योजना: बनेको ((२०७९/०८०)<br>ङ) स्थानीय भवन निर्माण मापदण्ड:(२०८१/०८२)<br>च) राजश्व सुधार कार्य योजना: बनेको २०८०/०३/२०<br>छ) आन्तरिक नियन्त्रण प्रणाली: बनेको २०७७/०८/३० |
| ५ | स्थानीतहको मूल्याकंन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंन प्राप्तङ्क: ६९.५<br>ख) स्थानीय तहको वित्तिय सुशासन जोखिम मूल्याकंनको प्राप्तङ्क: ७२.५<br>ग) मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगती अनुगमन प्रणालीमा विवरण प्रविष्ट: भएको । |




# बेरुजु फछ्यौट सम्बन्धि विवरण

| सि.न. | स्थानीय तहको नाम | आ.ब २०८१/०८२ सम्मको कायमकुल बेरुजु | आ.ब २०८१/०८२ मा फस्यौट भएको बेरुजु | | आ.ब २०८२/०८३ मा फस्यौट गर्नुपर्ने कुल बेरुजु | लेखा परिक्षण अंकमा कायम भएको बेरुजु प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | | | |
| १. | ऐरावती गाउँपालिका बरौला प्यूठान | १२ करोड १६ लाख ६२ हजार | १ करोड १३ लाख ६८ हजार तीन सय १६ | ९.३४ | ११ करोड २ लाख ९३ हजार ६ सय ८४ | ०.८१ | |




# थप विवरण

| सि.न. | सूचक | वेर्सलाईन आ.ब २०८१/०८२ सम्मको अवस्था | आ.ब २०८१/०८२ को प्रगती | आ.ब २०८१/०८२ सम्मको अवस्था |
|---|---|---|---|---|
| १ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (कालोपत्रे) कि.मि. | ८ | १६.२ | १६.२ |
| २ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (खण्डास्मित) कि.मि. | १६.०८ | १४.२२ | ३०.३ |
| ३ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (धुले) कि.मि. | ३८५.५ | ३८५.५ | ३८५.५ |
| ४ | सिंचाई सुविधा (जम्मा खेतीयोग्य जमीनको प्रतिशत) | | | ११.५१ |
| ५ | आधारभुत तहको खानेपानी पुगेको घरधुरी प्रतिशत | | | ६३.५ |
| ६ | आधारभुत तहको सरसफाई पुगेको घरधुरी प्रतिशत | | | ९१.५ |
| ७ | स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाको संख्या | | | १० |
| ८ | स्थानीय तहमा रहेका विद्यालयको संख्या | | | ४५ |
| ९ | ईन्टरनेट सुविधाको पहुँच | | | भएको |



# स्थानीय तहको संमग्र अवस्थाको विवरण

| सि.न. | विवरण | अवस्था |
|---|---|---|
| ७ | न्यायीक समिति सम्बन्धि | क) दर्ता भएका उजुरी/गुनासोः ६<br>ख) कारवाही वा फछर्यौट भएका उजुरी संख्याः ५<br>ग) कारवाही वा फछर्यौट भएका मध्ये पुनरावेदन गएको संख्याः ० |
| ८ | बेरुजु सम्बन्धि | क) आ.ब. २०८१/०८२ सम्मको कुल बेरुजु रकम रु  १२ करोड १६ लाख ६२ हजार।<br>ख) आ.ब. २०८१/०८२ फछर्यौट भएको बेरुजु रकम रु  ३ करोड ३४ लाख ५ सय ७४ मात्र।<br>ग) आ.ब. २०८२/०८३ फछर्यौट  गर्नुपर्ने बेरुजु रकम रु  १२ करोड १६ लाख ६२ हजार। |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | क) दमकल सेवाको उपलब्धताः नभएको<br>ख) फोहोर प्रशोधन केन्द्रः नभएको<br>ग) स्यानीटरी ल्याण्डफिल साईटः नभएको |



# स्थानीय तहको संमग्र अवस्थाको विवरण

| सि.न. | विवरण | अवस्था |
|---|---|---|
| ७ | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क) अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः २<br>ख) नागरिक वडापत्रः भएको<br>ग) सूचना अधिकारीः तोकेको<br>घ) गुनासो ब्यवस्थापन,  सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण र सामाजिक परिक्षणको लागि कानुनी व्यवस्थाः भएको।<br>ङ) निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरी / गुनासो संख्याः २ फछर्यौट संख्याः २ |



# आर्थिक वर्ष २०८१/०८२ को खुद आम्दानी खर्च विवरण

| विवरण | खुद प्राप्त भएको | | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| वित्तिय समानीकरण | संघ | | ८ करोड ३७ लाख ७६ हजार ८ सय ८० मात्र | ८ करोड ३२ लाख ६० हजार २ सय ९३ मात्र | ९९.३८ प्रतिशत |
| | प्रदेश | | ५९ लाख ६९ हजार | ५८ लाख ९ हजार | ९७.३८ प्रतिशत |
| शर्शत अनुदान | संघ | चालु | २० करोड ४० लाख ६८ हजार | १८ करोड ६३ लाख १९ हजार ५ सय २१ मात्र। | ९१.३ प्रतिशत |
| | | पुँजिगत | २९ करोड | २९ करोड | १०० प्रतिशत |
| | प्रदेश | चालु | १५ लनाख | ०( किसान सूचिकरण कार्यक्रम दोहोरो परेको ) | ० |
| | | पुँजिगत | ४६ लाख ५९ हजार ८ सय ४३ मात्र | ४६ लाख ७ हजार ५ सय ३३ मात्र | ९८.८७ प्रतिशत |



# आर्थिक वर्ष २०८१/०८२ को खुद आम्दानी खर्च विवरण

| विवरण | खुद प्राप्त भएको | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| समपुरक अनुदान | संघ | ४३ लाख ७५ हजार ६ सय १ मात्र | ४३ लाख ७५ हजार ६ सय १ मात्र | १०० प्रतिशत |
| | प्रदेश | ४६ लाख २० हजार | ३२ लाख ८६ हजार ९ सय ११ मात्र | ७१.१४ प्रतिशत |
| विशेष अनुदान | संघ | 0 | 0 | 0 प्रतिशत |
| | प्रदेश | १५ लाख | १४ लाख ९५ हजार | ९९.६७ प्रतिशत |



# आर्थिक वर्ष २०८१/०८२ को खुद आम्दानी खर्च विवरण

| विवरण | | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| राजश्व बाँटफाटबाट प्राप्त रकम | संघ | ८ करोड ९१ लाख ९३ हजार १ सय २४ मात्र | ८ करोड ९१ लाख ६५ हजार १ सय १८ मात्र | ९९.९६ प्रतिशत |
| | प्रदेश | ५७ लाख ९४ हजार ६ सय ८६ मात्र (बढी निकासा भएको (३६ लाख ८३ हजार) | ३४ लाख २४ हजार ५ सय २६ मात्र | ५९.०९ प्रतिशत |
| रोयल्टी बाँडफाँटबाट प्राप्त रकम रोयल्टी शिर्षक | दहत्तर बहत्तर शुल्क | ९ लाख ८० हजार ५ सय २९ मात्र | ९ लाख ४८ हजार ९ सय ९ मात्र। | ९६.७७ प्रतिशत |
| आन्तरिक श्रोत | | ५० लाख ९० हजार ५ सय ६० मात्र। | ४८ लाख ७४ हजार ५ सय ७८ मात्र | ९५.७५ प्रतिशत |
| अन्य बैंक मौज्दात | | ९६ लाख ७४ हजार ३ सय ७९ मात्र। | ९६ लाख ७४ हजार ३ सय ७९ मात्र। | १०० प्रतिशत |




# आर्थिक वर्ष २०८१/०८२ को खुद आम्दानी खर्च विवरण

| विवरण | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| जम्मा आय | ४५ करोड २ लाख २ हजार ६ सय २ मात्र | ४२ करोड ६२ लाख ४१ हजार ३ सय ७२ मात्र | ९४.६८ प्रतिशत |

# विषयक्षेत्रगत विनियोजन र खर्चको अवस्था (आ.ब.२०८१/०८२ )

रु हजारमा

| विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत | |
| आर्थिक विकास | ९५७६ | १४६४०.२ | ७४११.४८ | १३४६१.६४ | ७७.४० | ९१.९५ | |
| सामाजिक विकास | २०८४०३.६० | ५८९९७.२ | १९०३२४.५८ | ५३३७६.९४ | ९१.३२ | ९०.४७ | |
| पुर्वाधार विकास | ३००० | ७२५६०.५३ | २९२७.२७ | ५५५१६.७५ | ९७.५८ | ७६.५१ | |
| सुशासन तथा संस्थागत विकास | १२८१७ | ११०० | १०१९७.१३ | ७९०.२१ | ७९.५६ | ७१.८४ | |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९१०२९ | ९००० | ७८९४६.६४ | ७९१४.२९ | ८६.७३ | ८७.९४ | |



# स्वीकृत योजना तथा कार्यक्रमको विवरण (बजेटका आधारमा )

| सि.न. | विवरण | आ.ब. २०८१/०८२ को योजना संख्या | सि.न. | विवरण | आ.ब. २०८१/०८२ को योजना संख्या |
|---|---|---|---|---|---|
| १ | ५० लाख भन्दा बढी बजेटको आयोजना | ७ | १ | गाउँपालिका स्तरीय | ४१ |
| २ | २५+ देखि ५० लाख सम्मका आयोजना | ४ | २ | वडा स्तरीय | १९९ |
| ३ | ५+ देखि २५ लाख सम्मका आयोजना | १५ | ३ | | |
| ४ | ५ लाख सम्मको बजेटको आयोजना | २१४ | ४ | जम्मा | २४० |
| ५ | जम्मा | २४० | | | |




# योजना तथा कार्यक्रम कार्यान्वयन विधि

| सि.न. | विवरण | आ.ब. २०८१/०८२ को योजना संख्या |
| --- | --- | --- |
| १ | उपभोक्ता समिति मार्फत | २०३ |
| २ | निर्माण ब्यवसायी मार्फत | ३६ |
| ३ | अन्य | 0 |
| ४ | जम्मा | २३९ |

# बहुवर्षिय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण



| सि.न. | आयोजना तथा कार्यक्रमको नाम | कार्यान्वयन अवधि | कुल लागत | लागत साझेदारी | हाल कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १ | दाङवाङ मा.वि अमिलीको विद्यालय भवन तथा छात्रावास निर्माण | २०८०/०३/२३ देखि २०८३/०४/२४ सम्म | ३ करोड ४५ लाख | गा.पा.-६९ लाख भा.दु.-२ क ७६ लाख | निर्माण कार्य सम्पन्न |
| २ | १५ शैयाको अस्पताल | २०८०/०३/०५ देखि २०८३/०३/१६ सम्म | १८ करोड ७२ लाख ५३ हजार | संघ सरकार- सबै | निर्माणको अन्तिम चरणमा |
| ३. | समस्याग्रस्त आयोजना नभएको । | | | | |



# मुख्य मुख्य कार्यक्रम तथा उपलब्धीहरु:

१. पाँचवर्षीय शिक्षा योजना गाउँपालिकाले गुणस्तरीय शिक्षा सुनिश्चित गर्न पाँच वर्षे शिक्षा योजना निर्माण कार्यान्वनयन गर्न नौ सदस्यीय कार्यदल गठन ।

२. टोल विकास संस्था गठन गाउँपालिकाले प्रत्येक टोलमा टोल विकास संस्था गठन गरी संघीयतालाई जनस्तरमा कार्यान्वयन गर्न पहिलो पहल गरेको छ। जनप्रतिनिधि र समुदायबीच समन्वय र सहभागिता बढाउन माध्यम बनेको छ

३. सामाजिक सुरक्षा कोषमा आबद्धता स्वरोजगार र अनौपचारिक जनशक्तिलाई सामाजिक सुरक्षामा समेट्न शुरु गरिएको र १५ जना श्रमिक आवद्धत भईसकेका ।

४. पूर्ण खोप सुनिश्चितता घोषणा सर्वसाधारणको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न गाउँपालिका “पूर्ण खोप सुनिश्चितता पालिका” घोषणा र १५ शैयाको अस्पताल निर्माणको अन्तिम चरणमा ।

५. गाउँमै स्वास्थ्य सेवा विस्तार पुरनठाँटी स्वास्थ्य चौकीमा एमबीबीएस डाक्टरको व्यवस्था,  भिडियो एक्स–रे, ईसीजी, ल्याब सेवा जस्ता सुविधाहरू थप गर्दै  सहज स्वास्थ्य सेवाको विस्तार ।

६.  स्थानीय मदिरा उत्पादन, वितरण, व्यवस्थापनको कार्यको शुरु गरिएको छ ।

# मुख्य मुख्य कार्यक्रम तथा उपलब्धीहरु:

७. सेवा प्रवाह र पारदर्शीताको लागि सार्वजनिक सुनुवाई कार्यक्रम, सामाजिक परिक्षण, उजुरी तथा गुनासो ब्यवस्थापन लगायतका कार्यहरु गरिएको ।

८. धार्मिक तथा पर्यटकीय प्रचार–प्रसार ऐरावती क्षेत्रका ऐतिहासिक–धार्मिक स्थलहरू (जस्तै ऐरावती स्नानस्थल, विजुलीकोट, काङथुङ, शिवगुफा आदिलाई प्रचार–प्रसार गरी आन्तरिक पर्यटन भित्राउन विभिन्न कार्यक्रम गरिएको ।

९. एम.बि.बि.एस छात्रावृत्ती कार्यक्रम मार्फत १ जनालाई एम.बि.बि.एस डाक्टर पढाउन शुरु ।

१०. लिफ्ट खानेपानीको विद्युत महशुलमा ५० प्रतिशत अनुदान ।

११. बाल विवाह न्यूनिकरणको लागि सूचना दिने ब्यक्तिलाई पुरुष्कारको ब्यवस्था ।

१२. वृद्धलाई ओखती र पुर्ण अपाङ्ग भेटघाट

१३. ग र घ वर्गका अपाङ्गताहरुका लागी सामाजिक सुरक्षा भत्ता वितरण ।

१४. अन्तर पालिका स्तरीय सिकाई आदान प्रदान कार्यक्रम सम्पन्न ।

१५. १० कि.मि कच्ची सडक विस्तार तथा स्तरोन्नती र ०.५ कि.मि. RCC गरिएको ।

१६. यो वर्ष १२८४ घरधुरीमा एक घर एक धारा विस्तार गरिएको ।

१७. ३ वटा विद्यालयमा ४ कोठे भवन र शौचालय निर्माण गरिएको ।

१८. दाङवाङ मा.विको भवन तथा छात्रावास निर्माणको काम अन्तिम चरणमा पुगेको ।



# असल अभ्यासको सूचि

१. जेष्ठ नागरीक सँग स्वास्थ्य कर्मी

२. कृषकलाई उत्पादनमा आधारीत प्रोत्साहन कार्यक्रमको शुरुवात

३. पशु बजार पहुँच सुधार (खसि बोका सङ्कलन केन्द्र)



# हामीले गरेको अनुकरणीय काम

**कार्यक्रमको नाम: जेष्ठ नागरीक सँग स्वास्थ्य कर्मी**

यो कार्यक्रम लागु गरेपछी जेष्ठ नागरीक त्यसमाथि पनि दिर्घ रोगीहरुलाई मदत भएको छ । पहिला यो कार्यक्रम लागु नहुदाँ डोला र स्टेचरमा बोकेर स्वास्थ्य संस्थामा लिएर लाईन बस्नुपर्ने अवस्थाको अन्त्य भएको छ । यसले समाजमा सकरात्मक सन्देस प्रवाह गरेको छ ।

यो कार्यक्रमको लागि बजेट: रु ५ लाख विनियोजन गरिएदै आएको छ ।



# हामीले गरेको अनुकरणीय काम

## वृद्धवृद्धालाई घरमै औषधिउपचार छ ऐरावती गाउँपालिका, बरौला प्यूठानमा

साविकका ६ गाउँ विकास समिति (दाङबाङ बरौंला पकला धुवाङ रस्पुरकोट तथा बजुली) हरु समावेश गरि ऐरावती गाउँपालिका बनेको छ। यस पालिकाका वृद्धवृद्धालाई रोगले सताए पनि खासै चिन्ता छैन। उनीहरूले न उपचारका लागि कुनै अस्पताल धाउनु परेको छ न औषधि किन्न खर्च नै गर्नु परेको छ। १५६.७५ वर्गकिलोमिटर क्षेत्रफलमा रहेको यो गाउँपालिकामा करिब २० हजार ४ सय २८ जनसंख्या छ भने ७५ पुगेका तीन सयजति जेष्ठनागरिक छन्।

उनीहरूको पूर्जी बनाएर व्यवस्थित स्वास्थ्य सेवासुविधा दिने गरिएको छ। जनप्रतिनिधिले स्थानीय सरकार सम्हालेपछि वृद्धवृद्धालाई सेवा, सुविधा दिने क्रममा यस्तो अवधारणा ल्याएका हुन्। यसका लागि सम्बन्धित स्वास्थ्य चौकिमा कार्यरत एचए, अनमी सहितको टोली चाररचार महिनामा वृद्धवृद्धाको घर पुग्छ। स्वास्थ्यकर्मीले उपचार र औषधि लिएर पुग्छन भने जनप्रतिनिधिहरु उनीहरुका कुरा सुन्न र समाजलाई विगतमा उनीहरुले गरेको योगदान सहित ब्यवस्थापनको लागि पुगेका हुन्छन्।





# हामीले गरेको अनुकरणीय काम

यो कदर स्थानीय सरकारले गरेकोमा वृद्धवृद्धा खुसी छन्, रोगले च्यापे पनि त्यसबाट मुक्ति पाउने सरल, सहज र सुविधा पाएर लाग्छ, जनप्रतिनिधिको यो कर्मबाट उनीहरूले थप कामका लागि वृद्धवृद्धाबाट आशिर्वाद पाएका छन् । सुगर, प्रेसर, दम, यूरिक एसिडका साथै दीर्घ रोगको पनि उपचार र स्वास्थ्य परामर्श दिने काम भइरहेको छ ऐरावती गाउँपालिकामा । दम, ज्वरो, ग्याष्ट्रिक आदिले पीडित उनीहरूलाई उपचार र सल्लाहपछि नियमित औषधि सेवन, औषधिको मात्रा, खाने तरिका, समय सिकाइन्छ । 'कतिपयलाई परीक्षणका लागि स्वास्थ्य संस्था जानुपर्छ भन्ने पनि छैन, अब त्यस्तो सन्देश वृद्धवृद्धालाई घरमै औषधि उपचार ऐरावती गाउँपालिका, बरौला प्यूठानमा ग्रहण गरी जाने वातावरण पनि बनाएका छौं', अध्यक्ष नबिल विक्रम शाह भन्नुहुन्छ । स्वास्थ्य परीक्षणको चेतना नहुँदा रोग पालेर बस्ने चलन पाएको स्वास्थ्यकर्मीको अनुभव छ । भोट माग्न जाँदा जनप्रतिनिधिले यस्ता समस्या देखेपछि प्राथमिकतामा राखेको शाहले जानकारी दिनुभयो । 'जेष्ठनागरिकलाई के कार्यक्रम ल्याऔं रु भन्दा तीर्थयात्रा, खाजा, सम्मान, भत्ता धेरै कुरा आए तर नयाँ र उत्तम यही हुन्छ भनेर थालनी गरेका हौं', उहाँले थप्नुभयो । बिरामीहुँदा कुनै गाउँमा स्ट्रेचरमा हैरान व्यहोर्दै गाडीसम्म बोक्नुपर्ने अवस्थाले पनि यस्तो सोच आएको उहाँको भनाइ छ । अहिले वृद्धवृद्धा र परिवारमा नियमित स्वास्थ्य परीक्षण र सही औषधिको सही ढंगले प्रयोग गरे बुढेसकालमा पनि स्वास्थ्य भएर बाँच्न सकिन्छ भन्ने बुझाई बढेको छ । बुढापाकामा रोगलाई बेवास्ता गर्ने प्रवृत्तिमा सुधार आएको छ । प्यूठानका दुर्गम ठाउँमा कतिपय परिवारले औषधि, डाक्टर वा परीक्षण गर्ने मेसिनसमेत नदेखेको अध्यक्ष शाहको भनाइ छ ।

# हामीले गरेको अनुकरणीय काम




'वृद्धवृद्धासँगै परिवारजनमा बुढेसकालमा राज्य (स्थानीय सरकार) ले वास्ता गर्न थाल्यो र म निको भएँ वा हुँदैछु भन्ने भाव देखिएको छ', अध्यक्ष शाह भन्नुहुन्छ, 'परिवारबीच माया र सम्बन्धको विकास भएको छ, वृद्धवृद्धाप्रति हेर्ने र गर्नुपर्ने दायित्वमा परिवर्तन आउन थालेको पाएका छौं।'

गाउँपालिकाले स्वास्थ्य चौकीबाट भिडियो ऐक्सर, ल्याब र मेडिकल अधिकृत राखि सेवा दिईरहेको जानकारी गराउँदै अध्यक्ष शाहले भन्नुभयो हामी स्वास्थ्य सेवालाई सहज गराउन जेष्ठ नागरीकलाई ओखती कार्यक्रम सञ्चालन गर्न कार्यविधि नै निर्माण गरी लागु गरेका छौ। उँपालिकाका तीन वटा स्थानमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरी प्रत्येक महिना मेडिकल अधिकृतबाट स्वास्थ्य परिक्षण गर्ने ब्यवस्था समेत मिलाएका छौ। जेष्ठ नागरीकलाई आवश्यक पर्ने औषधि निशुल्क घरदैलोमा बोकेर पुग्छन् ऐरावतीका स्वास्थ्य कर्मीहरु ।



# जेष्ठ नागरिकहरुलाई घरमै गएर स्वास्थ्य परिक्षण गरेको










'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'

# रेबिज भ्याक्सिन लगाउँदै













# प्रधानमन्त्रि रोजगार कार्यक्रम





'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'

# प्रधानमन्त्रि रोजगार कार्यक्रम





# पालिकाको सहयोगमा कृषकहरु आत्मनिर्भर बन्दै .......









# क्रमश.....





'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'



# क्रमश.....





'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'

# (रैथानेबाली प्रबर्धन+सुनौलो हजार दिनका आमाहरुलाई तरकारीको कम्पोजिट बिउ वितरण







'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'



# यान्त्रिकरण वितरण







'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'

# साबुन सरफ बनाउने तालीम








# संघिय सरकारसँगको अपेक्षा

- वित्तिय सामानिकरण, राजश्व बाडफाड अनुदान समयमा प्राप्त नहुन प्राप्त भए पनि बजेट सिलिङ्ग अनुसारको प्राप्त नहुनु ।
- कर्मचारीको सरुवा निती बनाई त्यसै अनुरुप कर्मचारीको सरुवा गर्नुपर्ने ।
- भौगोलिक बनावटको आधारमा र न्यून आन्तरिक आम्दानी भएका स्थानीय तहलाई दिने वित्तिय समानीकरणको अनुदान बढाउनु पर्ने ।
- पुँजिगत बजेटको आकारलाई बढाउनको लागि त्यसै अनुसारको कानुन बनाई लागु गर्नुपर्ने ।

'कृषि पर्यटन रोजगारीको बढाउँदै गति
शान्त सुन्दर समुन्नत बनाऔं ऐरावती'



# समस्या तथा चुनौती

- कर्मचारी अभाव
- संरचना परिवर्तन सँगै बढेको नागरिकको अपेक्षा पुरा गर्नु
- विषयक्षेत्रगत कार्य स्पष्टता, तीन तहको अधिकार क्षेत्र तथा संस्थागत समन्वय प्रभावकारी हुन नसक्दा केहि क्षेत्रमा अन्योलता।
- समयानुकुल संघीय तथा प्रादेशिक कानुनहरुको तर्जुमा तथा संशोधन हुन नसक्दा कानुनी रिक्तता।
- कानुनी जटिलताका विषयमा उपयुक्त राय तथा नयाँ कानुन निर्माणमा मौजुदा सांगठनिक संरचनाबाट कठिनाई
- जिल्ला दररेट र बजारको मूल्यमा एक रुपता नहुँदा समस्या ।



# निष्कर्ष

- योजना कार्यान्वयनमा जनश्रमदान जुटाउनु चुनौतीपुर्ण छ।
- आम नागरिकले विकासको प्रतिफलको स्वामित्व खोजी गर्ने तर संरक्षणमा अपनत्व बोध हुन सकेको छैन
- सन्तुलित र प्राथमिकताका आधारमा गरिने विकासे परिपाटीको अभाव
- खर्चका आधारमा उपलब्धिको मापन गरिन्छ
- अधिकारको खोजी गर्दा कर्तव्यको पाटो ओझेलिएको छ
- गुणस्तर मापन संयन्त्रको अभाव छ
- कानुन निर्माण र कार्यान्वयनलाई तदारुकताका साथ अगाडि बढाउनुपर्नेछ।



# तथापी....

- स्थानीय सरकार प्रति आम नागरिक तथा सरोकारवालाहरुको चासो र खवरदारी निरन्तर छ
- आम नागरिकमा विकासको भोक जागेको छ
- स्रोत साधनको समुचित प्रयोगमा सवैको ध्यान बढ्दो छ



# त्यसैले...

- सम्वृद्धि सम्भव छ....


THANK YOU :)